जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १६७ २०७९ साल माघ १८ गते बुधवार (1 Feb. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : मधेश प्रदेशमा २ सय ८१ जनाले. ३ पृष्ठमा : अन्तर बैंक एटीएम शुल्क घट्यो, ३ पृष्ठमा : कोभिड-१९ अझै पनि...

## बालविवाह गरि बेहुली लिएर भारततर्फ जाँदै गरेका ४२ वर्षिय भारतीय बेहुलासहित तीन पक्राउ



४२ वर्षिय वेहुला गुलाब जीलानी



४० वर्षिय मो. रफिक खान



२७ वर्षिया नुरजहान

**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

एक १७ वर्षिया किशोरीसँग बालविवाह गरेर भारततर्फ लैजादै गरेको अवस्थामा ४२ वर्षिय भारतीय बेहुलासहित तीन जनालाई शसस्त्र प्रहरीले पक्राउ गरेको छ ।

बालविवाह गरेर भारततर्फ जाँदै गरेको अवस्थामा सोमबार राती सप्तरीको राजगढ गाउँपालिका २ बनैनिया क्षेत्रबाट सशस्त्र प्रहरीबल नेपाल बोर्डर आउट पोस्ट बनैनियाको टोलीले उनीहरुलाई सोधपुछ पश्चात् नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिहले जानकारी दिएका छन् ।

पक्राउ पर्नेहरुमा भारतको जम्मुकश्मिर राज्य निवासी ४२ वर्षिय वेहुला गुलाब जीलानी र सोही ठाउँका ४० वर्षिय मो. रफिक खान र २७ वर्षिया नुरजहान छन् । उनीहरुसँगै सप्तरीको महादेवा गाउँपालिका १ निवासी १७ वर्षिया किशोरी सलमा (नाम परिवर्तन) लाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

जम्मुकश्मिर निवासी मो.रफिक खान र नुरजहानले नेपालमा विहे गराइदिन्छु भन्दै गुलाब जिलानीलाई लिएर नेपाल आएको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनाएको छ । दोश्रो विहे गर्न लागेको गुलाबले आफुले अविवाहित भएको भनी केटी पक्षलाई झुक्याएको स्थानीयले बताएका छन् ।

पक्राउ परेकाहरुलाई मंगलवार बालविवाह सम्बन्धि कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद थपेर अनुसन्धान भईरहेको डिएसपी सिंहले जानकारी दिए ।

बालविवाह गर्ने गराउने दुबैलाई कारवाही हुने कानुनी प्रावधान छ । यस्तै बालविवाहमा कसुर हेरी ५० हजार देखि ५ लाख रुपैया सम्म जविरवाना र १५ वर्ष सम्म कैदको व्यवस्था रहेको छ ।

यस अघि पनि रफिक, नुरजहा लगायतका अन्य भारतीय नागरिकहरु सो गाउँका आर्थिक अवस्था कमजोर भएका परिवारका अभिभावकलाई छोरीको विहेमा दाईजो तिर्न नपर्ने वरु उल्टै आर्थिक सहयोग पाउने लगायतका प्रलोभनमा पारी बालिका तथा युवतीको भारतीय नागरीकसँग विहे गराइ उतै लगेको अनुसन्धानबाट खुलेको छ ।

## ६ महिनाभित्र श्रम मन्त्रालयमा टाइम कार्ड

काठमाडौं, १७ माघ (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सेवाग्राहीलाई सहजरुपमा सेवा उपलब्ध गराउन टाइम कार्ड सुरु गर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले आगामी छ महिनाभित्र टाइम कार्डमार्फत सेवाग्राहीलाई सेवा उपलब्ध गराउने बताउनुभयो ।

“श्रमसम्बन्धी सेवा तोकिएको समयमा पाउनका लागि श्रम टाइम कार्ड लागू गर्ने तयारी भएको छ”, उहाँले भन्नुभयो, “टाइम कार्डमा तोकिएको सेवा दिन नसक्ने कारण भए दिनुपर्छ, झुलाउने काम गर्न पाइएन, त्यसको कारण दिनुपर्छ ।” श्रम मन्त्रालयमा पाँच वर्ष अगाडि नै श्रमिकका गुनासो लिनका लागि कल सेन्टर स्थापना गरिएको थियो । कल सेन्टरको काम प्रभावकारी नभएका भन्दै आलोचना हुने गरेको छ ।

मन्त्रालयले मंगलबारदेखि ‘श्रमाधान: २४ घन्टे श्रम सहायता केन्द्र’ सञ्चालनमा ल्याएको छ । स्वदेश तथा विदेशमा रहेको श्रमिकले पाउने अप्ठ्यारा, गुनासा समाधानका लागि केन्द्रमा टेलिफोन गरेर टिपाउन सक्ने उहाँको भनाइ छ । “मंगलबारदेखि २४ घन्टा कल सेन्टर सुरु भएको छ”, उहाँले भन्नुभयो । छ महिनाभित्र श्रमाधानको मोबाइल एप पनि सार्वजनिक गरिने मन्त्री अर्यालले बताउनुभयो । उक्त एपमार्फत श्रम मन्त्रालयसँग सम्बन्धित गुनासो गर्न दर्ता गर्न सकिने छ ।

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## डिजल चोरीको आरोपमा आयल स्टोरका संचालकसहित दुई पक्राउ


**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

डिजल चोरी घटनामा संलग्न रहेको आरोपमा सप्तरी प्रहरीले एक आयल स्टोरका संचालकसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सप्तरीको खडक नगरपालिका वडा नं. ७ घर भएका भण्डार आयल स्टोरका संचालक ३५ वर्षिय श्याम कुमार साह र सप्तरीकै कञ्चनरुप नगरपालिका वडा नं. ९ बस्ने २९ वर्षिय नबराज भुजेल छन् । संचालक साहले चोरीको डिजल खरीद गरेको तथा भुजेल ट्याङकरबाट डिजल चोरी गरी बेचेको आरोपमा पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

*बाँकी तीन पृष्ठमा*



**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### आर्थिक मन्दी हटाउ

मुलुक अहिले आर्थिक मन्दीको चपेटमा परेको छ । विभिन्न व्यापार, व्यवसायहरु धरापमा परेको अवस्था छ । बैंक तथा बित्तिय संस्थाहरुले व्यापार, व्यवसायका लागि ऋण प्रवाह नगर्दा ब्यापारी उद्योगिहरु बिचल्लीमा पर्दै आएका छन् । व्यापार, ब्यवसायलाई अगाडी बढाउन पुँजीको अभाव भएको छ । जसकारण कतिपय ब्यापार, ब्यवसाय बन्द हुन पुगेको छ भने ब्यापारीहरु झनै ऋणमा डुबेका छन् । ऋण प्रवाह नहुँदा त्यसको मार आम जनताहरुमा समेत परेको छ । व्यापार चौपट बन्दै गएको अवस्थामा महँगो दरमा पसल थापेर बसेका ब्यापारीहरुलाई भाडा तिर्न पनि धौं धौं परेको छ । ऋणको मार सहन नसक्दा केही व्यापारीहरुले आत्महत्या समेत गरेको समाचारहरु बाहिरिएको छ । मुलुकमा अहिले पनि पूर्ण रुपमा राजनीतिक स्थिरता आउन सकेको छैन् ।

यता बैंकले ऋण प्रवाह नगरेर उल्टै ब्याज दर समेत बढाउँदै गएको छ । यसले ऋणीहरु चर्को ब्याज तिर्न बाध्य भएका छन् । सरकारले आमजनताको मर्कालाई आत्मसाथ गर्न नसक्दा आर्थिक मन्दी कारणले कतिपयको घर, ब्यापार समेत बिक्रि गर्नु पर्ने अवस्था उत्पन्न भएको छ । यस्तो अवस्थामा सबैभन्दा पहिले सरकारले आमजनतालाई बाच्न पाउने स्थिर वातावरण बनाउन अग्रसरता देखाउनु जरुरी छ । जनता आत्मनिर्भर भए मात्र देश समृद्ध हुन सक्छ भन्ने कुरालाई सरकारले बुझ्नु जरुरी छ । दिनप्रति दिन महगाई बढ्दै गएको छ । नेपालीहरु ऋणमा डुब्दै गएका छन् ।

तसर्थ बजारलाई चलाइमान अवस्थामा ल्याउन सरकारले गम्भिरतापूर्वक अग्रसर हुनु जरुरी छ । अनिमात्र जनता समृद्ध भए देश समद्ध हुने र अर्थतन्त्र पनि बलियो हुनुका साथै राजश्वमा बृद्धि हुने छ ।

# मधेश प्रदेशमा २ सय ८१ जनाले सडक दुर्घटनामा ज्यान गुमाए

महोत्तरी, १७ माघ (रासस) ।

मधेश प्रदेशमा सडक दुर्घटना र यसबाट हुने मानवीय क्षति बर्सेनि बढ्दो छ । चालु आर्थिक वर्ष २०७९/८० को अर्द्धवार्षिक प्रतिवेदनअनुसार छ महिनामा यो प्रदेशमा दुई सय ८१ ले सडक दुर्घटनामा ज्यान गुमाएका छन् ।

प्रदेशको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया (बारा) को आव २०७९/८० को अर्द्धवार्षिक घटना प्रतिवेदनले यो तथ्याङ्क देखाएको हो ।

गत साउन-१ गतेदेखि गत पुस मसान्तसम्मका छ महिनामा सडक दुर्घटनाका दुई हजार आठ सय ७६ घटना भएका छन् । यी घटनामा चार हजार तीन सय ७१ घाइते भएका र दुई सय ८१ जनाले ज्यान गुमाएका कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक लक्ष्मीप्रसाद भण्डारीले बताउनुभयो । बारामा मात्रै सडक दुर्घटनाका घटनामा छ महिनाभित्र ६४ जनाको मृत्यु भएको छ ।

पर्सामा सो अवधिमा २२ जनाको सडक दुर्घटनामा ज्यान गएको छ । गत साउनदेखि पुस मसान्तभित्र धनुषामा ४१, महोत्तरीमा ३५, सप्तरी र सर्लाहीमा ३३/३३, रौतहटमा २७ र सिरहामा २६ को ज्यान गएको छ ।

दिनहुँ बढ्दै गएका सवारी साधनको चाप र चालकको लापर्बाही नै दुर्घटनाको मुख्य कारण देखिएको ट्राफिक प्रहरीको अनुभव छ । मानवीय क्षतिका घटना मोटरसाइकल दुर्घटनामा बढी भएका छन् । तीव्र गतिमा मोटरसाइकल हुइँक्याउने हुँदा यो साधनको दुर्घटनामा बढी मानवीय क्षति हुने गरेको ट्राफिक प्रहरीको भनाइ छ ।

प्रदेशभित्र आव २०७६/७७ मा एक हजार तीन सय ४०, २०७७/७८ मा तीन हजार नौ सय ८३ र २०७८/७९ मा पाँच हजार सात सय ११ सडक दुर्घटनाका घटना भए । ती घटनामा क्रमशः ४०९, ४९८ र ५७१ जनाको मृत्यु भएको तथ्याङ्क छ ।

त्यसैगरी दुर्घटनामा घाइते हुने क्रमशः एक हजार आठ ६७, छ हजार चार र नौ हजार चार सय ६४ रहेको प्रतिवेदन उल्लेख छ । पछिल्ला वर्षमा दुर्घटना, घाइते र मृतक बढेका प्रतिवेदनले देखाएको छ । ट्राफिक प्रहरीले दुर्घटना न्यूनीकरण गर्न सघन जाँच र सचेतना कार्यक्रम बढाउँदै लगिएको जनाइएको छ ।

प्रदेशका आठवटै जिल्लामा ट्राफिक सचेतनाका कार्यक्रम निरन्तर आयोजना गरिएका र यस्ता कार्यक्रममा सवारी धनी, सवारी चालक, विद्यार्थी र बाटो हिँड्ने यात्रीलाई सामेल गर्ने गरिएको प्रनाउ भण्डारी बताउनुहुन्छ । यो बाहेक राजमार्ग र सहायक मार्गमा छड्के र नियमित जाँचसँगै कारबाही पनि बढाइएको छ ।

"छ महिनामै एक लाख ४६ हजार एक सय ८० वटा (दोहोरिएकासमेत) सवारी साधनलाई कारबाही गरेका छौं, यसबाट रु १० करोड ७७ लाख १५ हजार पाँच सय राजस्व सङ्कलन भएको छ", प्रनाउ भण्डारी भन्नुहुन्छ, "विगत वर्षभन्दा जारी आवको छ महिनाको दुर्घटना र मानवीय क्षातिको सङ्ख्या अर्द्धवार्षिक अनुपातमा हेर्दा बढेकै छ ।" कारबाहीमा पर्ने सवारी साधन पनि बढेका बढ्चै छन् ।

आव २०७६/७७ मा एक लाख ९१ हजार पाँच सय २६, आव २०७७/७८ मा दुई लाख ५९ हजार एक सय ८८ र आव २०७८/७९ मा दुई लाख ६४ हजार तीन सय १० सवारी साधन जाँचको क्रममा कारबाहीमा परेका थिए । ती वर्षमा क्रमशः १२ करोड १६ लाख ६८ हजार ५००, १९ करोड १६ लाख ३७ हजार र २२ करोड ४४ लाख ४० हजार ५०० राजस्व सङ्कलन गरिएको विगत तथ्याङ्क छ ।

दुर्घटना र क्षति न्यूनीकरण गर्न समाजका सबै वर्ग, यात्रु, सवारीसाधन धनी र चालकमा सचेतता र जिम्मेवारीबोध बढ्न आवश्यक रहेको जनाइएको छ ।

# भ्रष्टाचार अवधारणा सूचकाङ्कमा सुधार

काठमाडौँ, १७ माघ (रासस) ।

नेपालले भ्रष्टाचार अवधारणा सूचकाङ्क (सिपीआई) मा एकैपटक सात स्थानको सुधार हासिल गरेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको सन् २०२२ को रिपोर्टमा नेपाल ३४ अङ्क प्राप्त गर्दै एक सय १०औं स्थानमा उक्लिएको हो । सन् २०२१ मा नेपाल ३३ अङ्कसहित एक सय १७औं स्थानमा थियो ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले मंगलबार यहाँ आयोजित एक कार्यक्रममार्फत् भ्रष्टाचारसम्बन्धी अवधारणा सूचकाङ्कमा विश्व र नेपालको अवस्थाबारे जानकारी गराएको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष पद्मिनी प्रधानाङ्ग, महासचिव मदनकृष्ण शर्मा, कोषाध्यक्ष सुनिता गुरुङ लगायतको सहभागिता थियो । यो वर्ष नेपालको अवस्था सुधार हुनुमा आयात निर्यातमा भएको कमी प्रमुख कारण भएको संस्थाका अध्यक्ष प्रधानाङ्गको भनाइ छ ।

"सन् २०२२ मा आयात निर्यात अघिल्लो वर्षभन्दा घटेको देखिएको छ । आयात र निर्यातसँगै भ्रष्टाचार कम हुँदा वर्ल्ड इकोनोमिक फोरमको सर्वेक्षणमा नेपालले धेरै अङ्क प्राप्त गरेको छ", उहाँले प्रधानाङ्गले भन्नुभयो ।

विश्वका एक सय ८० देशमध्ये डेनमार्क ९० अङ्कसहित पहिलो स्थानमा छ भने सोमालिया १२ अङ्कसहित अन्तिम स्थानमा छ । कुल देशमध्ये ५८ वटा देशले ५० भन्दा धेरै अङ्क प्राप्त गरेका छन् ।

नेपालमा भ्रष्टाचारसम्बन्धी अवधारणाको सर्वेक्षण विभिन्न छ वटा अन्तर्राष्ट्रिय संस्थाले गरेका थिए । सर्वेक्षण गरेका ती संस्थामध्ये नेपाललाई विश्व बैंकले सरकारद्वारा सार्वजनिक पदाधिकारीको काम कारबाहीको निगरानी, राज्यको सूचनामा नागरिक समाजको पुहँच र राज्य सञ्चालनमा सीमित व्यक्तिको पहुँचलाई आधार बनाएको थियो । जसमा विश्व बैंकले नेपाललाई ३५ अङ्क दिएको छ ।

त्यस्तै, वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायिक निर्णयलाई आधार बनाएको थियो । यसमा नेपालले ४ अङ्कको सुधार हासिल गर्दै ३८ अङ्क प्राप्त गरेको छ ।

ग्लोबल इन्साइटले पनि व्यापार, व्यवसाय, ठेक्कापट्टा, आयात निर्यात घुस र भ्रष्टाचार सर्वेक्षण गरेकोमा यो वर्ष नेपाललाई ३५ अङ्क दिएको छ ।

बर्टेल्सम्यान फाउण्डेसन सार्वजनिक पदाधिकारीमाथि पदको दुरुपयोगमा कति कारबाही हुने गरेको छ भन्ने आधारमा गरिएको सर्वेक्षणमा नेपालले ३३ अङ्क प्राप्त गरेको छ ।

वर्ल्ड जस्टिसले सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिले निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग कति गरेका छन् भन्ने सम्बन्धमा गरेको सर्वेक्षणमा नेपालको अवस्था खस्किएको छ । अघिल्लो वर्ष ३२ अङ्क पाएको नेपालले यो वर्ष ३० अङ्क मात्र प्राप्त गरेको हो ।

भेराइटिज अफ डेमोक्रेटिक प्रोजेक्ट (भी-आइडिएम)ले गरेको संसद्, कार्यपालिका र न्यायपालिकासँग सम्बन्धित सर्वेक्षणमा यो वर्ष ३० अङ्क पाएको थियो । यो अघिल्लो वर्षको बराबर नै हो ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले प्रत्येक वर्ष भ्रष्टाचारसम्बन्धी अवधारणाको सर्वेक्षणको सूचकाङ्क सार्वजनिक गर्दै आएको छ । एक सय ८० देशमा उक्त सर्वेक्षण हुने गरेको र यसका लागि १३ वटा अन्तर्राष्ट्रिय संस्थाको सर्भेक्षणलाई आधार बनाइने गरेको संस्थाले जनाएको छ । नेपालमा भने ६ वटा संस्थाले मात्रै उक्त सर्वेक्षण गरेका थिए ।

# प्रधानमन्त्रीलाई एकीकृत समाजवादीको ध्यानाकर्षण

काठमाडौँ, १७ माघ (रासस) ।

नेकपा (एकीकृत समाजवादी)ले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई मुलुकको आर्थिक सङ्कट समाधान सम्बन्धमा ध्यानाकर्षण गराएको छ ।

पार्टीका अध्यक्ष माधवकुमार नेपाल नेतृत्वको प्रतिनिधिले देशको अर्थतन्त्र गम्भीर सङ्कटतर्फ उन्मुख भइरहेकाले सरकार जनजीविकाप्रति संवेदनशील हुनुपर्ने भन्दै प्रधानमन्त्री दाहाललाई २० बुँदे ज्ञापनपत्र बुझाएका हुन् ।

मजदुर, किसान र सर्वसाधारण जनताले महँगीकै कारण दैनिकजसो आत्महत्या गर्न थालेको अवस्थामा देशको आर्थिक सङ्कट समाधानका लागि तत्काल कदम चाल्न आग्रह गरिएको छ । ज्ञापनपत्रमा जर्जर बनेको देशको अर्थतन्त्र सुधार युवा र बौद्धिक जनशक्ति पलायनबाट रोक्न प्रभावकारी कदम चाल्नुपर्ने उल्लेख छ । विद्यालय तहमा एक सीपमूलक विषय अनिवार्य गर्नुपर्ने र कृषि उत्पादन वृद्धिमा जोड बिक्रीको प्रबन्ध गर्नुपर्ने सुझाव पनि दिइएको छ ।

एकीकृत समाजवादीले संविधानमा उल्लिखित आर्थिक नीति कडाइका साथ लागू गर्न, महँगी नियन्त्रण गर्न, समस्याग्रस्त उद्योग तथा व्यवसायले जरिवाना र कर तिर्ने सुविधा तथा भाखा नाघेका ऋणको किस्ता र ब्याज तिर्ने अवधि २०८० असार मसान्तसम्मलाई बढाउन लगायतका माग गरिएको छ ।

यसैगरी सञ्चार क्षेत्रलाई उद्योगको मान्यता दिन, युवा विद्यार्थी, बौद्धिक जनशक्ति पलायन रोक्नका लागि प्रभावकारी कदम चाल्न, कक्षा ८ देखि १२ सम्मको पाठ्यक्रममा अनिवार्य सीपमूलक तालिम र देशभक्तिपूर्ण पाठ राख्न लगायतका माग बुँदागत रूपमा ज्ञापनपत्रमा उल्लेख छ ।

प्रधानमन्त्री दाहालले यस विषयमा सरकार गम्भीर रहेको बताउँदै आफू समस्या समाधानका लागि सबै सरोकार पक्षसँग छलफल गर्ने बताउनुभयो । उहाँले बजार भाउलाई नियन्त्रण गर्न नीतिगत रूपमा नै आवश्यक परिवर्तन गरी जनजीविका सहज गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको जनाइएको छ ।

उक्त अवसरमा पूर्वप्रधानमन्त्री झलनाथ खनालगायत शीर्षनेताको पनि उपस्थिति थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अन्तर बैंक एटीएम शुल्क घट्यो, मासिक दुई कारोबार निःशुल्क नहुने

काठमाडौँ, १७ माघ (रासस) ।

नेपाल राष्ट्र बैंकले अन्तरबैंक एटीएम शुल्क घटाएको छ । एउटा बैंकको एटीएम कार्ड अर्को बैंकको एटीएममा प्रयोग गरी पैसा झिक्दा लाग्ने शुल्क घटेको हो ।

राष्ट्र बैंकले 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०७९' जारी गर्दै बैंक तथा वित्तीय संस्थाले जारी गरेका भुक्तानी कार्ड स्वदेशभित्रै अर्को बैंक तथा वित्तीय संस्थाको एटीएम प्रयोग गर्दा प्रतिकारोबार बढीमा रू १५ सम्म शुल्क लिन सकिने जनाएको छ ।

यसअघि एउटा बैंकले जारी गरेको एटीएम कार्ड अर्को बैंक तथा वित्तीय संस्थाको एटीएम प्रयोग गर्दा मासिक न्यूनतम दुईवटा कारोबारसम्म निःशुल्क हुने र दुईभन्दा बढी कारोबारको हकमा प्रतिकारोबार रू २० सम्म शुल्क लिन सकिने व्यवस्था थियो । तर अहिले मासिक दुई वटासम्म कारोबार निःशुल्क पाउने व्यवस्था भने हटाइएको छ ।

राष्ट्र बैंकले विद्युतीय वालेटको माध्यमबाट गरिने रकमान्तर तथा भुक्तानीको सीमामा पनि संशोधन गरेको छ । यसअघि बैंक खाताबाट वालेटमा प्रतिदिन रू ५० हजारसम्म रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा त्यसलाई बढाएर प्रतिदिन रू दुई लाखसम्म रकम पठाउन सकिने व्यवस्था ल्याइएको छ ।

त्यस्तै, वालेटबाट अन्य बैंकको खातामा पनि प्रतिदिन रू दुई लाखसम्म पठाउन सकिनेछ । यसअघि प्रतिदिन रू ५० हजार मात्रै पठाउन सकिने व्यवस्था थियो ।

एक वालेटबाट अर्को वालेटमा पैसा पठाउँदा यसअघि एकदिनमा रू २५ हजारसम्म मात्रै पठाउन सकिने व्यवस्था रहेकोमा त्यसलाई बढाएर प्रतिदिन रू ५० हजारसम्म पठाउने सकिने व्यवस्था ल्याइएको छ । यद्यपि प्रतिमहिना गर्न सकिने कारोबारको सीमा भने थयावत राखिएको छ ।

मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङको माध्यमबाट गरिने भुक्तानी कारोबारको सीमा पनि बढाइएको छ । मोबाइल बैंकिङ (क्युआर कोड समेत) बाट यसअघि प्रतिदिन रू दुई लाखसम्म कारोबार गर्न सकिने व्यवस्था रहेकोमा त्यसलाई बढाएर प्रतिदिन रू तीन लाखसम्म कारोबार गर्न सकिने बनाइएको छ ।

सरकारको राजस्व व्यवस्थापन सूचना प्रणाली (आरएमआइएस)मा आवद्ध भएका भुक्तानी सेवा प्रदायकले सञ्चालन गरेको वालेटमार्फत् सञ्चालन गरिने राजस्व भुक्तानी सम्बन्धी कारोबारमा लाग्ने शुल्कसम्बन्धी व्यवस्था पनि संशोधन भएको छ ।

यसअघि रू तीन हजारसम्मको कारोबारमा रू पाँच शुल्क लाग्ने गरेकामा अब सोही शुल्कमा रू पाँचहजार सम्मको कारोबार गर्न सकिनेछ । त्यस्तै रू पाँच हजार एकदेखि रू १० हजारसम्मको कारोबारमा रू आठ शुल्क लाग्नेछ । यसअघि रू तीन हजार एकदेखि रू १० हजारसम्मको कारोबारमा रू आठ शुल्क लाग्ने गरेको थियो । रू १० हजार एकभन्दा माथिको सबै कारोबारमा रू २० शुल्क लाग्ने गरेकोमा त्यस्तो शुल्क घटाएर रू १० बनाइएको छ ।

बैंक तथा वित्तीय संस्थाले ग्राहकलाई उपलब्ध गराउने विभिन्न कार्डका बारेमा जानकारी गराई क्रेडिट, डेबिट र प्रिपेड कार्डलगायतका विद्युतीय भुक्तानी कार्ड आफैं छनौट गर्न पाउनेछन् । यस्तो कार्ड जारी गर्दा ग्राहकहरूसँग आवेदन फारमसँगै कार्ड जारी गर्दा र कारोबारमा लाग्ने शुल्क, कारोबारको सीमा, कार्डको प्रयोग गर्दा लाग्ने ब्याजदर र कार्डबाट प्राप्त हुने अन्य सुविधालगायत विषय समेटिएको सूचनामूलक सामाग्री प्रदान गर्नुपर्नेछ ।

विद्युतीय कार्डबाट हुने कारोबारको सेटलमेन्टसम्बन्धी व्यवस्थामा पनि परिवर्तन गरिएको छ । बैंक तथा वित्तीय संस्थाहरूले जारी गरेका विभिन्न भुक्तानी कार्डबाट नेपालमा नेपाली रुपैयाँमा गरिने कारोबारको फछ्र्यौट नेपालभित्रै गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

साथै यस्तो प्रयोजनका लागि अन्तर्राष्ट्रिय स्वीचहरूको लागि कुनै जमानत/बन्ड जारी गर्नुपर्ने भएमा नेपाली रुपैयाँमै गर्नुपर्ने व्यवस्था पनि राष्ट्र बैंकले ल्याएको छ ।

निर्देशिकामार्फत् भुक्तानी सेवा प्रदायक संस्थाले विप्रेषण कम्पनीसँग सम्झौता गरी विदेशबाट आप्रवाह हुने रकम नेपालमा सञ्चालित विद्युतीय वालेटमा जम्मा हुने गरी रेमिट्यान्स गर्न सकिने व्यवस्था ल्याइएको छ । यसरी रेमिट्यान्स प्राप्त गर्दा भने वालेटमा रकम जम्मा गर्न तोकिएको सीमाको हदबन्दी लाग्नेछैन ।

## *डिजल चोरीको ...*

प्रहरीका अनुसार माघ ११ गते बिहान नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगंज डिपो बाराबाट को.१ख. ३६५५ नम्बरको ट्याङकरमा २० हजार लिटर डिजल लोड गरी नेपाल आयल निगम १ नम्बर प्रदेश प्रादेशिक कार्यालय बिराटनगरतर्फ लैजाने क्रममा सोही दिन साँझ ट्याङकर चोरी भएको थियो ।

ट्याङकर चालक सप्तरीको कञ्चनरुप नगरपालिका वडा नं. ९ बस्ने ४५ वर्षिय बिनोद कुमार भुजेलले उक्त ट्याङकर साँझ ७ बजेतिर कञ्चनरुप नगरपालिका वडा नं. ८ स्थित बि.कि. पम्पमा पार्किङ्ग गरी घर गएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश सिंहले जानकारी दिए ।

उक्त ट्याङकर माघ १५ गते बिहान ९ बजेतिर जिल्लाकै शम्भुनाथ नगरपालिका वडा नं. २ खैरवना भन्ने स्थानमा बेवारिसे अवस्थामा फेला परेको उनले बताए । फेला परेको ट्याङकर चेक जाँच गर्दा ५ वटा च्याम्बरमा रहेको ४ हजार लिटरको दरले २० हजार लिटर डिजल मध्ये ४ वटा च्याम्बर खाली रहेको र एक वटा च्याम्बरमा मात्र डिजल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

डिएसपी सिंहका अनुसार नेपाल आयल निगमले सिलबन्दी गरेको उक्त ट्याङकरको सिलबन्दी तोडिएकाले डिजल चोरी भएको भन्दै घटनाको अनुसन्धान थालिएपछि नेपाल आयल निगम १ नं.प्रदेश प्रादेशिक कार्यालय बिराटनगरका कर्मचारी तथा नेपाल प्रहरी समेतको संयुक्त टोलिले छानविन तथा चेक जाँच गर्ने क्रममा चोरी घटनामा ती व्यक्तिहरुको संलग्नता रहेकोले पक्राउ गरिएको हो ।

दुबै जनालाई प्रहरीले माघ १६ गते नियन्त्रणमा लिई चोरी मुद्दा शिर्षक अन्तर्गत मंगलबार जिल्ला अदालत सप्तरीबाट म्याद थप गराई थप अनुसन्धान कार्य गरिरहेको जनाएको छ ।

# क्रिकेटर सन्दीप लामिछानेलाई थुनामा राखेरै मुद्दा अघि बढाउनुपर्ने भन्दै सर्वोच्चमा निवेदन

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ माघ ।**

क्रिकेटर सन्दीप लामिछानेलाई धरौटीमा छाड्ने उच्च अदालतको आदेशविरुद्ध महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालत गएको छ ।

उच्च अदालतको आदेश बदर हुनुपर्ने र लामिछानेलाई थुनामा राखेरै बलात्कार मुद्दा अघि बढाउनुपर्ने मागसहित महान्यायाधिवक्ता कार्यालयले मंगलबार सर्वोच्च अदालतमा निवेदन दिएको हो ।

'हामीले सर्वोच्च अदालतमा निवेदन दर्ता गरिसकेका छौं', महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सञ्जिवराज रेग्मीले भने, 'हामीले उच्च अदालतको आदेश बदर हुनुपर्ने र आरोपितलाई थुनामै राखेर मुद्दा अघि बढाउनुपर्ने माग राखेका छौं ।'

एक नाबालिकालाई बलात्कार गरेको अभियोग लागेका सन्दीपलाई जिल्ला अदालत काठमाडौंले थुनछेक बहसपछि पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो । उक्त आदेशविरुद्ध सन्दीपले दिएको निवेदनमा उच्च अदालत पाटनले २० लाख रुपैयाँमा छाड्ने आदेश दिएको थियो । तर उच्च अदालतको आदेशविरुद्ध महान्यायाधिवक्ता कार्यालय सर्वोच्चमा पुगेको हो ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टंन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


# विश्व समाचार

## कोभिड-१९ अझै पनि अन्तर्राष्ट्रिय समस्या

जेनेभा, १७ माघ (रासस/सिन्ह्वा) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले कोभिड-१९ महामारीले अझै पब्लिक हेल्थ इमर्जेन्सी अफ इन्टरनेशनल कन्सर्न (पीएचईआईसी) गठन गरेको सोमबार जनाएको छ । यो विश्व स्वास्थ्य सङ्गठनको उच्च सतर्कता स्तर हो ।

कोभिड-१९ बाट भएको मृत्यु दर विश्वव्यापीरूपमा वृद्धिको बीचमा यो घोषणा आएको हो । शुक्रबार कोभिड-१९ महामारीको त्रैमासिक मूल्याङ्कन बैठकपछि, डब्ल्यूएचओको अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन (२००५) आपतकालीन समितिले पिएचआइसि सोमबार घोषणा गऱ्यो । जसलाई डब्लूएचओका महानिर्देशक डा. टेड्रोस अधानोमले सहमति जनाउनु भएको छ ।

कोभिड-१९ स्वास्थ्य प्रणालीमा ठूलो नोक्सानी पुऱ्याउने क्षमता भएको खतरनाक सङ्क्रामक रोग बनेको छ । समितिले कोभिड-१९ महामारीले सङ्क्रमणको विन्दुनजिक पुगेको स्वीकार गर्दै विज्ञप्तिमा प्रकाशन गरेको छ ।

यद्यपि सङ्क्रमण वा खोपले विश्वव्यापी रूपमा जनसङ्ख्याको प्रतिरोधात्मक क्षमताको उच्च स्तरमा पुऱ्याउन सक्छ र रोग र मृत्युदरको प्रभावलाई सीमित गर्न सक्छ, । 'यसमा कुनै शङ्का छैन कि यो भाइरस निकट भविष्यको लागि मानिस र जनावरहरूमा स्थायी रूपमा स्थापित रोगजनक रहनेछ', समितिले जानकारी दिएको छ ।

## पाकिस्तान मस्जिद विस्फोट : नब्बे जनाको मृत्यु

पेशावर, १७ माघ (एएफपी) ।

उत्तरपश्चिम पाकिस्तानको एक प्रहरी मुख्यालय नजिक अवस्थित मस्जिद विस्फोटको भग्नावशेषबाट मङ्गलबार अझै शव निकाल्ने क्रम जारी रहेको र हालसम्म ९० जनाको मृत्यु भएको छ र एक सय ५० भन्दा बढी घाइते भएका छन ।

प्रान्तीय राजधानी पेशावरमा सोमबार दिउँसोको प्रार्थनाको समयमा आक्रमण भएको थियो । अफगान सीमासँग जोडिएका क्षेत्रहरुमा आक्रमणहरु लगातार बढिरहेको छ । मङ्गलबार अस्पतालबाट एएफपीलाई २३ वर्षीय प्रहरी हवल्दार वजाहत अलीले भने, 'म सात घण्टासम्म मृत शरीरसहितको भग्नावशेषमुनि फसेको थिएँ, मैले बाँच्नको लागि सबै आशा गुमाएँको थिए ' ।

पेशावरको मुख्य अस्पतालका प्रवक्ता मुहम्मद असिम खानले घटनास्थलबाट थप शव आएपछि मृत्यु हुनेको संख्या ९० पुगेको एएफपीलाई बताउनु भएको छ । एक सय ५० भन्दा बढी घाइते भएका अधिकारीहरुले बताएका छन् ।

सहरका प्रहरी प्रमुख मुहम्मद इजाज खानले एएफपीलाई भने कि मारिनेमा ९० प्रतिशतभन्दा बढी प्रहरी नै थिए, जसमध्ये ३०० देखि ४०० जना कम्पाउण्डको मस्जिदमा प्रार्थनाका लागि भेला भएका बताउनु भएको छ ।

'आज बिहान हामी भत्किएको छतको अन्तिम भाग हटाउन जाँदैछौं ताकि हामी थप शवहरू निकाल्न सकौं, तर हामी कोही पनि बाँचेकाहरु फेला पर्ने आशामा छैनौं,' प्रहरी प्रवक्ता बिलाल अहमद फैजीले एएफपीलाई बताउनु भएको छ । प्रार्थना सुरु गरेको केही सेकेन्डपछि विस्फोट भएको र 'मैले कालो धुवाँ आकाशमा उठेको देखेँ, म आफ्नो ज्यान बचाउन बाहिर भागेँ, ४७ वर्षीया प्रहरी अधिकारी शाहिद अलीले एएफपीलाई बताउनु भएको छ ।

## हाइटीका बालबालिकाको जीवन रक्षामा जोड

संयुक्त राष्ट्रसङ्घ, १७ माघ (रासस/सिन्ह्वा) ।

हाइटीमा ठूलो सङ्ख्याका बालबालिकाको जीवन रक्षाको खाँचो रहेको देखिएको छ । यहाँका लाखौं जना बालबालिकालाई यसवर्ष यस्तो आवश्यकता पर्ने देखिएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । संयुक्त राष्ट्रसङ्घले जनाएअनुसार हाइटीका २६ लाख बालबालिकालाई जीवन रक्षाका लागि सहयोग आवश्यक रहेको देखिएको छ । यो सन् २०२१ को तुलनामा यो बढेको सङ्ख्या हो ।

सन् २०२१ सम्ममा यहाँका पचास लाख बालबालिकालाई जीवन रक्षाका लागि सहयोग आवश्यक रहेकामा यस वर्ष थप २६ लाख थपिएका हुन् । संयुक्त राष्ट्रसङ्घले हाइटीका यी बालबालिकाले पाउनुपर्ने पोषण तथा आधारभूत स्वास्थ्य सुविधा पनि प्राप्त गर्न नसकेका कारण उनीहरुलाई तत्काले सहायताको खाँचो परेको संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसका प्रमुख प्रवक्ता स्टेफान डुजारिकले जानकारी दिनुभएको हो ।

उहाँले हाइटीमा विद्यमान हिंसा, हैजाको प्रकोप, खाद्य असुरक्षा एवं आर्थिक मन्दी आदि कारणले गर्दा यहाँको अवस्था दिन प्रतिदिन नाजुक बन्दै गएकाले यहाँका लाखौं बालबालिकाको खाद्यान्नकै अभाव हुन पुगेको पनि बताइएको छ । संयुक्त राष्ट्रसङ्घीय बालकोष, युनिसेफले यहाँका बालबालिकाका लागि सहयोग जारी राखेको भन्दै तर यो सहयोग पनि आवश्यकता अनुरुप हुन नसकेकाले यस वर्षका लागि आवश्यक अन्य मानवीयता सहायताका लागि सहयोगको अपिल गरिएको हो ।

# अन्तराष्ट्रिय कुश्ती प्रतियोगितामा नेपाली पहलमानको उत्कृष्ट प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १७ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउपालिकामा संचालित स्व. साकेत चन्द्र मिश्र तेह्रौं अन्तराष्ट्रिय पुरुष तथा महिला कुश्ती प्रतियोगिता मंगलवार सम्पन्न भएको छ ।

प्रतियोगितामा नेपाली पहलमानहरुले उत्कृष्ट प्रर्दशन गरेका छन् । यस अघि विभिन्न तौल समुहमा भएको १२ प्रतिस्पर्धा मध्ये ८ मा जित हात पारेका नेपाली पुरुष पहलमानहरुले मंगलवारको अन्तिम प्रतिस्पर्धामा समेत उत्कृष्ट प्रर्दशन गरे ।

फाईनल खेलको विभिन्न ६ तौल समुहमा भएको पुरुष तर्फको ४ प्रतिस्पर्धामा नेपालका पहलमान निर्दोष भन्ने बाबा यादव, बसन्त थापा, राहुल थापा र बाबरले भारतका क्रमश:अशोक गुजर, शैलेन्द्र मुर्मुर,.कटप्पा सिंह र सुरेन्द्र राजपुतलाई पराजित गरे ।

यस्तै महिलतातर्फ भएको २ प्रतिस्पर्धामा भारतको आरती निषाद र सोनल सिंहले भारत कै निशा गुजर र ज्योति सिहलाई पराजित गरिन । चार दिन सम्म चलेको कुश्ती प्रतियोगितामा नेपाल तथा छिमेकी राष्ट्र भारतका १२ महिला तथा ३० जना पुरुष खेलाडी सहभागी थिए ।

प्रतियोगिता समाप्ती पछी आयोजक समितीका अध्यक्ष अजित कुमार मिश्र (पप्पु)को अध्ययतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथी मधेश मधेश प्रदेशका पुर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, तिलाठी कोइलाडी गाउपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरेका थिए ।

ॐ

यही आउँदो २०७९ साल फाल्गुन ६ गते 'महाशिवरात्री' पर्व पर्न गएको हुँदा विगत वर्ष जस्तै यस वर्ष पनि हर्सोल्लास एवम् भव्यताका साथ मनाईने भएको हुँदा सम्पूर्ण हिन्दुधर्मावलम्बी, समाजसेवीहरुमा आवश्यक छलफल, सल्लाह, सुझावको लागि उपस्थिति हुन सादर अनुरोध गर्दछौं ।

अनुरोधकर्ता
श्री हरिनन्देश्वर महावदेव मन्दिर संरक्षण सम्वर्द्धन समिति
राजविराज-७

मिति : २०७९/१०/१६ गते सोमबार
स्थान : मन्दिर प्रांगण
समय : ०८ बजे विहान

मधेश प्रदेश सरकार
भौतिक पुर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था सेवा कार्यालय
राजविराज, सप्तरी, नेपाल

विषय -आशयपत्र पेश गर्ने सम्वन्धी ७ दिने सार्वजनिक सूचना ।
दोस्रो पटक प्रकाशित मिति -२०७९/१०/१८

यस कार्यालयबाट नयाँ सवारी चालक अनुमती पत्र जारी गर्नका लागि प्रयोगात्मक परीक्षा स्थल एवम् सवारी साधन उपलब्ध गराउने सम्बन्धी १५ दिने आशयपत्र पेश गर्ने सार्वजनिक सूचना राजविराज दैनिक तथा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा आशयपत्र खोल्ने अन्तिम मिति सम्म पेश भएको दरभाउपत्रहरुको प्राविधिक मुल्याङ्कन गर्दा कम्तीमा ३ वटा दरभाउपत्रहरु सारभुत रुपमा प्रभावग्राही नदेखिएको हुदाँ मुल्याङ्कन समितिको शिफारिश एवम् यस कार्यालयको मितिको २०७९ /१०/१७ को निर्णयानुसार प्रथम पटक प्रकाशित सूचनामा उल्लेखित शर्त बमोजिम हुने गरी पुन: दोस्रो पटक आशयपत्र पेश गर्ने सम्वन्धी ७ दिने सूचना प्रकाशित गरिएको छ ।उक्त दरभाउ पत्र दोस्रो पटक प्रकाशित भएको मितिले ७ औं दिन मिति २०७९/१०/२४ गते कार्यालय समय भित्र आवश्यक कागजात सहित शिलबन्दी दरभाउ पत्र पेस गर्न सकिनेछ र दोस्रो पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजे आशयपत्र खोलिने व्यहोरा जानकारी गराईन्छ ।

कार्यालय प्रमुख
यातायात व्यवस्था सेवा कार्यालय
राजबिराज , सप्तरी।

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

जाडोबाट बचन निम्न उपायहरु अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*